श्री

राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

फैसला

२०७९।०८० सालको निर्णय नं. ३५३

पुनरावेदन नं. ०७७-RB-०११४

मुद्दाः– भन्सार वर्गीकरण (M18574)।

| | | |
|---|---|---|
| पर्सा जिल्ला आदर्शनगर स्थित युनिक विनाइल प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त विनिसा अग्रवाल ........................................................................१ | } | पुनरावेदक प्रतिवादी |

विरुद्ध

| | | |
|---|---|---|
| वीरगन्ज भन्सार कार्यालय पर्सा...............................................................१ | } | प्रत्यर्थी वादी |
| भन्सार विभाग त्रिपुरेश्वर, काठमाण्डौ.........................................................१ | | |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- वीरगन्ज भन्सार कार्यालय, पर्सा

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख भन्सार प्रशासक श्री ढुण्डी प्रसाद निरौला

शुरु कार्यालयको निर्णय मितिः– २०७६/१२/१३

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः- भन्सार विभाग त्रिपुरेश्वर, काठमाण्डौ

निर्णय गर्ने अधिकारीः- महानिर्देशक श्री सुमन दाहाल

कार्यालयको निर्णय मितिः– २०७७/०३/२९

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः-विद्वान अधिवक्ता श्री विकास अग्रवाल

प्रत्यर्थीका तर्फबाटः- विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः** ×

वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज पर्साबाट भएको मिति २०७६/१२/१३ को वर्गीकरण निर्णय भन्सार विभागका महानिर्देशक समक्ष पेश भई भन्सार विभागका महानिर्देशकबाट मिति २०७७।०३।२९ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(५) बमोजिम पैठारीकर्ताको तर्फबाट पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पैठारीकर्ता श्री युनिक विनाइल प्रा.लि.ले भारतको निर्यातकर्ता RAPTAKOS BRETT AND CO. INDIA बाट खरिद गरी पैठारीका लागि ल्याएको LACTODEX ब्राण्डको मालवस्तुहरुलाई भन्सार विभागबाट जारी भएको भन्सार एकीकृत दरबन्दी २०७६/७७ को भाग १९ को शीर्षक १९.०१ को उपशीर्षक १९०१.९०.०० अन्तर्गत पर्ने भनी घोषणा गरी पैठारीकर्ताले जाँचपासका लागि मिति २०७६।१२।०६ मा पेश गरेको।

२. श्री युनिक विनाइल प्रा.लि. (EXIM CODE No. 6066612270122NP) ले प्रज्ञापनपत्र नं. M 18574 भारतको निर्यातकर्ता RAPTAKOS BRETT AND CO. INDIA को INVOICE NO 951780 DATED: 25.02.2020 बाट LACTODEX को H.S. CODE 1901.90.00 बाट भइरहेको र हाल द्विविधा भएको हुँदा सो मालवस्तुको धरौटी राखी H.S. CODE सोही अनुसार वर्गीकरण गरी पाउँ भनी फैठारीकर्ताले वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज पर्साका प्रमूख भन्सार अधिकृत समक्ष मिति २०७६।१२।०६ मा पेश गरेको पत्र।

३. प्रस्तुत पैठारीकर्ताले आयात गरेको उल्लिखित मालवस्तुलाई भन्सार उपशीर्षक नं. 1901.90.00 वाट घोषणा गरी जाँचपासको लागि पेश गरेकोमा भौतिक परीक्षण गर्दा उक्त मालवस्तु शिशु वा साना केटाकेटीको प्रयोगको लागि उपयुक्त परिकार जस्तो नभई उपशीर्षक नं. 0402.99.00 अन्तर्गत पर्ने Milk powder रहेको साथै Nutritional Information मा Sweetened Milk and cream (excl in solid form) भनी उल्लेख भएको हुँदा हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा संकेतीकरण प्रणालीको व्याख्यात्मक टिप्पणी अनुसार यस्ता प्रकृतिका मालवस्तुहरु भन्सार उपशीर्षक नं. 0402.99.00 अन्तर्गत वर्गीकरण हुन सक्ने देखिएकोले सो उपशीर्षकमा नियमानुसार लाग्ने महसुल वुझाउन सम्बन्धित पैठारीकर्तालाई अनुरोध गरिएकोमा निज कार्यालयको रायमा सहमत हुन नसकी पैठारीकर्ताको घोषित भन्सार संकेत नं. र कार्यालयले दावी गरेको संकेत नं. विचमा द्विविधा भएको हुँदा भन्सार उपशीर्षक नं. **0402.99.00** वाट लाग्ने महसुल धरौटी राखी जाँचपास गरिएकोले उक्त मालवस्तुको भन्सार उपशीर्षक स्पष्टताका लागि कार्यालयको राय सहित भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (६) वमोजिम वस्तु वर्गीकरणको लागि महानिर्देशकज्यू, भन्सार विभागमा लेखि पठाउने शुरू वीरगंज भन्सार कार्यालयको मिति २०७६।१२।१३ को निर्णय।

४. पैठारीकर्ता श्री युनिक विनाइल प्रा.लि. (स्थायी लेखा नं ५०००१२०८८) ले आयात गरेको उल्लिखित मालवस्तुलाई भन्सार उपशीर्षक नं. 1901.10.90 वाट घोषणा गरी जाँचपासको लागि पेश गरेकोमा भौतिक परीक्षण गर्दा उक्त मालवस्तु शिशु वा साना केटाकेटीको प्रयोगको लागि उपयुक्त परिकार जस्तो नभई उपशीर्षक नं. 0402.29.00 अन्तर्गत पर्ने Milk powder रहेको साथै Ingredients मा Sweetened Milk and cream (excl in solid form) भनी उल्लेख भएको हुँदा उक्त मालवस्तु भन्सार उपशीर्षक नं. 0402.99.00 अन्तर्गत वर्गीकरण हुने देखि पैठारीकर्ताको घोषणा कार्यालयको दावीमा द्विविधा भई हाल उक्त मालवस्तुको भन्सार उपशीर्षक नं. 0402.99.00 वाट लाग्ने महसुल धरौटी राखी जाँचपास गरी कार्यालयको राय सहित आवश्यक कागजात संलग्न गरी वर्गीकरणको लागि पठाइएको छ भन्ने मिति २०७७।०१।०८, च.नं.२७९८ को वीरजङ्ग भन्सार कार्यालय, वीरगञ्ज पर्साबाट भन्सार विभागका महानिर्देशकलाई लेखेको पत्र।

५. यसमा वर्गीकरण तथा पुनरावलोकन शाखाको राय, प्रयोगशाला शाखाको परीक्षण प्रतिवेदन, हार्मोनाइज्ड प्रणाली र व्याख्यात्मक टिप्पणीको व्याख्या समेतका आधारमा हार्मोनाइज्ड वस्तु वर्गीकरणको व्याख्या सम्बन्धी सामान्य नियमहरुको नियम १ र ६ बमोजिम नमूनाको रुपमा प्राप्त LACTODEX नाम गरेको मालवस्तुमा २४ प्रतिशत फ्याटको मात्रा रहेको, गुलियो पदार्थ हालिएको, धूलो रुपमा पैठारी भएको शिशु वा बच्चाहरुलाई खुवाउन मिल्ने दूध भएको देखिएकोले शीर्षक ०४.०२ अन्तर्गत उपशीर्षक ०४०२.२९.०० (आर्थिक ऐन, २०७७ वमोजिम ०४०२.२९.१०) बाट वर्गीकरण गर्ने गरी भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (७) वमोजिम उपशीर्षक तोकिएको भन्ने मिति २०७७।०३।२९ मा भन्सार विभागका महानिर्देशकबाट भएको निर्णय पर्चा।

६. प्रस्तुत विषयमा श्री वीरगन्ज भन्सार कार्यालयको प.सं. ०७६।०७७, च.नं. २७९८, मिति २०७७।०१।०८ को पत्रबाट वर्गीकरणका लागि प्राप्त भएको संलग्न निर्णय विवरण वमोजिम LACTODEX भनिएको नमूना अनुसारको मालवस्तुलाई उपशीर्षक ०४०२.२९.०० (आर्थिक ऐन, २०७७ अनुसार उपशीर्षक ०४०२.२९.१०) बाट वर्गीकरण गर्ने गरी भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (७) वमोजिम उपशीर्षक तोकिएको व्यहोरा मिति २०७७।०३।२९ को निर्णयानुसार अनुरोध छ भन्ने भन्सार विभाग, वर्गीकरण तथा पुनरावलोकन शाखा त्रिपुरेश्वर, काठमाडौंको च.नं. वर्गीकरण/०७६/७७,म.व.टि.फा.८६/२०७६/७७/१५२७, मिति २०७७।०३।३१ को परिपत्र।

७. वीरगंज भन्सार कार्यालयबाट युनिक विनाइल प्रा.लि. ले सन् १९ मार्च २०२० (मिति २०७६।१२।०६) मा पेश भएको प्रज्ञापनपत्रमा संशोधन गरी सन् २० मार्च २०२०

(मिति २०७६।१२।०७) मा भएको भन्सार वर्गीकरणको आदेश, भन्सार विभागका महानिर्देशकबाट LACTODEX ब्राण्डको मालवस्तुहरुका सम्बन्धमा मिति २०७७।०३।२९ मा भएको निर्णय, उक्त निर्णयका आधारमा जारी भएको मिति २०७७।०३।३१ को च.नं. वर्गीकरण ०७६/७७ म.व.टि.फा. ८६/२०७६/७७/१५२७ पत्र भन्सार विभागबाट जारी भएको एकीकृत भन्सार महसुल दरबन्दी आ.व. २०७६/०७७, एकीकृत भन्सार महसुल दरबन्दी आ.व. २०७७।०७८, आर्थिक ऐन, २०७६, आर्थिक ऐन, २०७७, विश्व भन्सार संगठनद्वारा प्रतिपादित हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा संकेतीकरण प्रणाली, खाद्य ऐन, २०२३, खाद्य ऐन, २०२७, आहारपूरक (डाइटरी सप्लीमेन्ट) खाद्य पदार्थ नियमन कार्यविधि, २०७२ अनुसार जारी भएका सूचना, एवं भन्सार महसुलका सम्बन्धित अन्तर्राष्ट्रिय सिद्धान्त विपरित वीरगंज भन्सार कार्यालय सन् १९ मार्च २०२० (मिति २०७६।१२।०६) मा पेश भएको प्रज्ञापन पत्रमा संशोधन गरी मिति २०७६।१२।१३ मा भएको भन्सार वर्गीकरणको आदेश, भन्सार विभागको उक्त मिति २०७७।०३।२९ को निर्णय पर्चा र मिति २०७७।०३।३१ को पत्र खारेज गरि पाउँ भन्ने व्यहोराको पुनरावेदक पैठारीकर्ताले मिति २०७७।०५।०७ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गर्नु भन्ने यस न्यायाधिकरणबाट २०७७।१०।०९ मा भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाण अध्ययन गरी पुनरावेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री विकास अग्रवालले भारतबाट प्रज्ञापनपत्र नं. M 18574 बाट आयात गरेको LACTODEX उत्पादनहरुको अवयवहरुमा वनस्पति चिल्लो पदार्थ पाइन्छ जुन प्राकृतिकरुपमा पाइदैन।साथै सो उत्पादनहरुमा न्युटाइरिक एसिड/फ्याटलाई ओलेइक एसिड/फ्याटले प्रतिस्थापन गर्ने गरिन्छ। यो आयातित पदार्थ दुध नभएको प्रष्ट हुँदाहुदै सो कुरालाई नजरअन्दाज गरी वीरगन्ज भन्सार कार्यालयबाट उक्त मालवस्तु ०४०२.२९.०० बाट वर्गीकरण हुने भनी मिति २०७७।१२।१३ मा गरेको निर्णय तथा भन्सार विभागका महानिर्देशकबाट मिति २०७७।०३।२९ मा उपशीर्षक ०४०२.२९.१० बाट वर्गीकरण गर्ने भनी भएको निर्णय त्रुटीपुर्ण हुँदा बदर गरी पैठारीकर्ताले दावी गरेको उपशीर्षक १९०१.१० बाट वर्गीकरण गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. विपक्षी कार्यालयहरुको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले प्रयोगशालाको परीक्षण प्रतिवेदन हार्मोनाइज्ड बस्तु वर्गीकरण सुरु भन्सार कार्यालयबाट माग भएका विलविजक एवं प्रज्ञापनपत्र समेतका कागजात अध्ययन गरी शुरु बीरगंज भन्सार कार्यालयले व्यक्त गरेको राय र सो उपर द्विविधा निराकरणको लागि पेश हुँदा भन्सार विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत हुँदा विभागका महानिर्देशकको निर्णय सदर होस भनी बहस जिकिर प्रस्तुत गर्नुभयो।

११. पुनरावेदक पैठारीकर्ताका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज एवं प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा घोषणा गरेको वर्गीकरणलाई मान्यता नदिई भिन्न वर्गीकरण कायम गर्ने गरी भन्सार विभागका महानिर्देशबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदकको माग वमोजिम भन्सार विभागका महानिर्देशकको वर्गीकरण सम्बन्धी निर्णय बदर हुनुपर्ने हो, होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. अब निर्णय तर्फ विचार गर्दा, सर्वप्रथम भन्सार विभागका महानिर्देशकले गरेको मिति २०७७।०३।२९ को वर्गीकरण सम्बन्धी निर्णयमा न्यायिक मनको अभाव रहेको र त्रुटीपूर्ण रहेको भनी पैठारीकर्ताले लिएको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, पुनरावेदक पैठारीकर्ताले RAPTAKOS BRETT AND CO. India बाट खरिद गरी ल्याएको LACTODEX लाई प्र.द.न. M18574 तारेख 25.02.2020 मा भन्सार उपशीर्षक 1901.90.00 बाट घोषणा गरी जाँचपासको लागि पेश गरेकोमा विवाद देखिएन। जाँचपासको लागि प्रस्तुत मालवस्तुको भौतिक निरीक्षण, उक्त मालवस्तुको प्रकृति, वनोट, चरित्र, गुण तथा सारभुत लक्षण समेतका आधारमा घोषित मालवस्तुमा तयारी मालवस्तुमा हुने आवश्यक लक्षण भएको देखिएकोले हार्मोनाइज्ड व्याख्या सम्बन्धी सामान्य नियमहरुको नियम २(क) बमोजिम भन्सार उपशीर्षक 0402.99.00 बाट वर्गीकरण हुने देखिएकोले द्विविधा उत्पन्न भएकोले सो मालवस्तु भन्सार उपशीर्षक 0402.99.00 बाटै वर्गीकरण हुनु पर्ने राय सहित मिति २०७७।०१।०८ च.नं.२७९८ बाट वीरगंज भन्सार कार्यालय पर्साले भन्सार विभागका महानिर्देशक समक्ष लेखि पठाएको देखियो।

१३. भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (६) मा उपदफा (१) बमोजिम मालवस्तुको वर्गीकरण यकिन गर्न भन्सार अधिकृतलाई द्विविधा भएमा द्विविधा हुनुपर्ने कारण र आफ्नो राय तथा मालवस्तुको नमूना सहित महानिर्देशक समक्ष निर्णयको लागि लेखि पठाउनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिँदा आफूलाई द्विविधा भएको कारण र राय सहित वीरगंज भन्सार कार्यालय पर्साका प्रमुख भन्सार अधिकृतले मिति

२०७७।०१।०८ मा वस्तु वर्गीकरणको लागि भन्सार विभागका महानिर्देशक समक्ष पठाएको कार्यलाई हचुवा वा गैर कानूनी भन्न मिल्ने देखिएन।

१४. अब पैठारीकर्ताले आयात गरेको मालवस्तुको वर्गीकरणको सम्बन्धमा दावी गरेको मालवस्तु भाग १९ मा अन्न, पिठो, स्टार्च वा दुधका परिकारहरु, पेस्ट्री मिठाईका उत्पादनहरु अन्तर्गत उपशीर्षक 1901.90.00 मा "अन्य" परिकारहरु पर्ने देखिन्छ, उक्त मालबस्तु सार्क मुलुकबाट पैठारी हुँदा ७.५ प्रतिशत महसुल लाग्ने देखियो। वीरगंज भन्सार कार्यालयले आफ्नो रायमा उल्लेख गरेको उपशीर्षक ०४०२.९९.०० भाग ४ अन्तर्गत दुध उत्पादन, चराका फूलहरु, प्राकृतिक मह, अन्यत्र निर्दिष्ट नगरिएका वा नपरेका पशुजन्य खाद्य उत्पादनहरु अन्तर्गत पर्ने Milk Power रहेको देखिन्छ। जसको महसुल दर सार्क मुलुकबाट पैठारी हुँदा ४० प्रतिशत रहेको पाइयो। पैठारीकर्ताले पेश गरेको LACTODEX नाम गरेको मालवस्तुमा २४ प्रतिशत फ्याटको मात्रा रहेको, गुलियो पदार्थ हालिएको, धूलो रुपमा पैठारी भएको शिशु वा बच्चाहरुलाई खुवाउन मिल्ने दूध भएको देखिएकोले शीर्षक ०४.०२ अन्तर्गत उपशीर्षक ०४०२.२९.०० (आर्थिक ऐन, २०७७ वमोजिम ०४०२.२९.१०) बाट वर्गीकरण गर्ने गरी भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (७) वमोजिम उपशीर्षक तोकिएको भन्ने विपक्षी भन्सार विभागका महानिर्देशकको निर्णयमा निष्कर्ष निकालिएको पाइयो। भन्सार ऐन, २०६४ को दफा ६१क. को उपदफा (३) मा यस दफा बमोजिम महानिर्देशकले मालवस्तुको वर्गीकरणको निर्णय उपर पुनरावलोकन गर्दा वा दफा २२ को उपदफा (७) बमोजिम निर्णय गर्दा प्रचलित आर्थिक ऐन, विश्व व्यापार संगठन द्वारा प्रतिपादित हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा संकेतीकरण प्रणाली त्यस्तो प्रणालीको व्याख्या सम्वन्धी नियमहरु, व्याख्यात्मक टिप्पणीहरु, विश्व भन्सार संगठनद्वारा गरिएका वस्तु वर्गीकरण सम्वन्धी निर्णयहरु, विश्व भन्सार संगठनको हार्मोनाइज्ड सिष्टम कमिटिले दिएको रायहरुलाई आधार लिन सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा व्याख्यात्मक टिप्पणी समेतलाई आधार लिई पैठारीकर्ताले पैठारी गरेको LACTODEX भन्ने Milk Powder लाई शीर्षक ०४०२.२९.१० बाट वर्गीकरण गर्ने गरी भन्सार विभागका महानिर्देशकबाट मिति २०७७।०३।२९ मा भएको निर्णय भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (७) र दफा ६१क. को उपदफा (३) को रोहमा मिलेकै देखिन आयो।

१५. तसर्थः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक पैठारीकर्ताले प्र.द.न.१८५७४ बाट पैठारी गरेको LACTODEX लाई शीर्षक नं. ०४.०२ अन्तर्गत उपशीर्षक नं. ०४०२.२९.०० बाट बर्गीकरण गर्ने गरी भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (७) बमोजिम उपशीर्षक तोकेको भन्सार विभागका महानिर्देशकको

मिति २०७७।०३।२९ को निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ। उपशीर्षक १९०१.९० बाट बर्गीकरण हुनुपर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. प्रस्तुत फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनु।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी शुरु मिसिल वीरगन्ज भन्सार कार्यालय पठाईदिनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०८० साल बैशाख ७ गते रोज ५ शुभम..............................

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायधिकरण काठमाण्डौको छाप